# कोलोराडो अल्टरनेट (सिओएएलटि) को लागि अभिभावकको मार्गदर्शक विज्ञान र सामाजिक अध्ययन मूल्याँकन

DENVER PUBLIC SCHOOLS
Discover a World of Opportunity™

मूल्याँकनहरूले विद्यार्थीहरूले ग्रेड तह र विषयवस्तु स्तरहरूमामा दक्षता हासिल गरेका छन्–छैनन् र २१औं शताब्दीका लागि तयार ग्राजुएट हुने मार्गमा छन् कि छैनन् भन्ने विषयमा विद्यार्थीहरू, अभिभावकहरू र शिक्षा प्रदायकहरूलाई बहुमूल्य जानकारी प्रदान गर्दछन्। यी मूल्याँकन नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिको प्रमाणको एउटा मापन प्रदान गर्ने मनसाय राखिन्छ।

## सिओएएलटि विज्ञान र सामाजिक अध्ययन मूल्याँकन के हो ?

सिओएएलटि विज्ञान र सामाजिक अध्ययन मूल्याँकन स्तर आधारित हो र यसले कोलोराडो शैक्षिक स्तरहरूको विस्तारित प्रमाण उपलब्धि तर्फ विद्यार्थीको प्रगति मापन गर्दछ। यो त्यस्ता विद्यार्थीहरूका लागि एउटा राज्य अनिवार्य मूल्याँकन हो जससँग पर्याप्त संज्ञानात्मक असक्तता हुन्छ र जो एकोमोडेसनहरू सहित पनि पिएआरसिसिमा सहभागी हुन सक्षम हुँदैनन्। सिओएएलटि विज्ञान मूल्याँकन ग्रेडहरू ५ र ८ का विद्यार्थीहरूका लागि सञ्चालन गरिन्छ। सिओएएलटि सामाजिक अध्ययन एसेसमेन्ट ग्रेडहरू ४ र ७ सबै विद्यार्थीहरूको १/३ का लागि सञ्चालन गरिन्छ।

## मेरो बच्चालाई कहिले परीक्षण गरिन्छ ?

तपाईंको बच्चालाई अप्रिल महिनामा परीक्षण गरिनेछ। परीक्षण सञ्चालन विन्डो अप्रिल ११, २०१६ - अप्रिल २९, २०१६ हो। तपाईंको बच्चालाई सम्पूर्ण परीक्षा अवधिभरलाई नभएर, ग्रेड र विषयमा आधारित रहेर केही दिनहरूमा मात्र परीक्षण गरिनेछ। आफ्नो बच्चाको शिक्षकसँग परीक्षण मितिका लागि सम्पर्क गर्नुहोस्।

अप्रिल

| आ | सो | मं | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | | १ | २ |
| ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| १७ | १८ | १९ | २० | २१ | २२ | २३ |
| २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |

## मेरो बच्चाले कस्ता प्राप्ताङ्क(हरू) प्राप्त गर्नेछ ?

तपाईंको बच्चाले स्केल प्राप्ताङ्क र सम्पादन तह प्राप्त गर्नेछ। सम्पादन तहले प्रत्येक तहमा विद्यार्थीहरूले प्रदर्शित गर्ने अपेक्षा गरिएका धारणाहरू र सीपहरू व्याख्या गर्दछन्। चारवटा अन्तर-ग्रेड र विषयवस्तु सम्पादन तहहरू, सिकारू, विकासशील, उक्लँदो र अन्वेषणात्मक हुन्।

तपाईंको बच्चाको समग्र स्केल प्राप्ताङ्क (० देखि २५० सम्मको अङ्क) र सम्पादन तह (अन्वेषणात्मक, उक्लँदो, विकासशील र सिकारू) प्रदान गरिनेछ। मूल्याँकनमा कुनै पनि आइटमहरूमा प्रतिक्रिया नदिने विद्यार्थीहरूलाई अनिर्णायक पद प्रदान गरिनेछ।

## यी प्राप्ताङ्कहरूलाई कसरी प्रयोग गरिनेछन् ?

यस एसेसमेन्ट कार्यक्रमको प्राथमिक उद्देश्य चाहिँ परीक्षण गरिएको ग्रेड तहको अन्त्यमा विज्ञान र सामाजिक अध्ययन मूल्याँकनका विषय क्षेत्रहरूमा कोलोराडो शैक्षिक स्तरको विस्तारित प्रमाण उपलब्धि पूरा गर्न पर्याप्त संज्ञानात्मक असक्तता भएका कोलोराडोका विद्यार्थीहरूको तह निर्धारण गर्न हो। सिओएएलटि नतिजाहरूले विस्तारित प्रमाण उपलब्धि सम्बन्धित विद्यार्थीको शैक्षिक प्रगतिको एउटा मापन प्रदान गर्ने मनसाय राखिन्छ।

## अतिरिक्त जानकारी

मूल्याँकनहरू बारे अधिक जानकारीका लागि कृपया जबाफदेहिता, अनुसन्धान र मूल्याँकन वेबसाइट http://testing.dpsk12.org हेर्नुहोस् :

आफ्नो बच्चाको शिक्षामा संलग्न हुन हामी तपाईंलाई प्रोत्साहित गर्दछौं। आफ्नो बच्चालाई घरमा मद्दत गर्न सकिने तरिकाहरू र परीक्षण एकोमोडेसनको उपलब्धताका लागि आफ्नो बच्चाको शिक्षकसँग सम्पर्क गर्न कृपया नहिचकिचाउनुहोस्।

हामी तपाईंलाई निम्न कुराहरू सामेल भएको सहयोगी जानकारीका लागि http://standards.dpsk12.org/standards-resources/ मा जान प्रोत्साहित गर्दछौं :

- अभिभावकको प्रविधि मार्गदर्शक
- अंग्रेजी सिकारूहरूका लागि जानकारी
- कोलोराडो राज्य स्रोतहरू

यदि तपाईंसँग मूल्याँकनहरूबारे प्रश्नहरू वा चासोहरू भए कृपया आफ्नो बच्चाको स्कूलमा सोझै सम्पर्क राख्नुहोस् वा (७२०)४२३-३०५४ मा फेमिलि कन्स्चियुएन्सी सेवाहरूलाई फोन गर्नुहोस्।